# खजुरा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बागेश्वरी, बाँके
५ नं. प्रदेश, नेपाल

### रोजगार संयोजक पद करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सार्वजनिक सूचना
**प्रथम पटक प्रकाशित मिति २०७६।१०।४**

यस खजुरा गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनका लागि रोजगार संयोजकको पदपूर्ति तथा सेवा सुविधा सम्बन्धि मापदण्ड २०७६ बमोजिम रोजगार संयोजकको पद सेवा करारमा लिई पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक उम्मेदवारहरूबाट यो सूचना प्रकासित भएको मितिले १५(पन्ध्र) दिन भित्र मापदण्डको अनुसूचि -१ बमोजिम रितपूर्वक फाराम भरी यस खजुरा गाउँपालिकाको कार्यालयमा दरखास्त पेश गर्न हुन गाउँ कार्यपालिकाको मिति २०७६।०९।१८ गते बसेको निर्णय अनुसार अनुरोध छ ।

**तपसिल**

| सि.नं. | विज्ञापन नं. | पद | माग पद संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | ०२।०७६।०७७ | रोजगार संयोजक (अधिकृत छैठौ ) | १ (एक) | |

१. न्यूनतम योग्यताः
क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको ।
ख) दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।
ग) भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको ।
घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।
२. दरखास्त साथ पेश गर्नु पर्ने प्रतिलिपिः शैक्षिक प्रमाण पत्र, नागरिकताको प्रमाण पत्र, कार्य अनुभवको प्रमाणपत्र, अन्य आवश्यक कागजातहरू ।
३. दरखास्त दस्तुरः रू.१०००(एक हजार) यस कार्यालयको राजश्व शाखामा बुझाएको रसिद संलग्न गर्नु पर्ने ।
४. परीक्षाको किसिमः रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड २०७६ को दफा ८ र ९ मा तोकिएको बमोजिम ।
५. काम गर्नु पर्ने स्थानः खजुरा गाउँपालिका कार्यालय र अन्तर्गतका वडाहरू ।
६. सेवा शर्त र सुविधाः उल्लेखित मापदण्डमा तोकिए बमोजिम हुने छ ।
७. परिक्षा मितिः पछि तोकिने छ ।

(प्रमुख प्रशासकिय अधिकृत)